**बिसौ बैठक, मिति २०७५।१।१७**

आज मिति २०७५ साल जेठ ६ गतेका दिन बिहान ८ बजे इलाम नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेशबस्नेतज्यूको अध्यक्षता र देहायका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | अनुपस्थित |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | उपस्थित |
| सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| सदस्य श्री सीता रिजाल | दस्तखत |
| सदस्य श्री सानु दास | दस्तखत |
| सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| सदस्य श्री सावित्री राई | दस्तखत |
| सदस्य श्री पृथसिं सुनुवार | दस्तखत |
| सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |
| सचिव – प्र.प्र.अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

अन्य उपस्थितिः

| | |
|---|---|
| प्र.अ. श्री रामकुमार शाह | दस्तखत |

**निर्णय नं.१**

इलाम नगरपालिका विपद् व्यवस्थापन ऐन, २०७५ को मस्यौदामा छलफल हुँदा सो विधेयकलाई आगामी नगर सभाबाट पारित गर्न प्रस्ताव गर्ने निर्णय गरियो । साथै सो विधेयक पारित नहुन्जेलसम्मका लागि विपद् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य सो विधेयकमा उल्लेख भए अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

इलाम नगरपालिका अन्तर्गत खेलकुद, संगीत कला साहित्य, सामाजिक सेवा, न.पा. उत्कृष्ट कर्मचारी, शिक्षा, सञ्चार, व्यावसायिक पर्यटन, व्यावसायिक कृषि लगायतका विविध क्षेत्रमा वार्षिक रुपमा रु १०,०००।०० सहित पुरस्कार प्रदान गर्न र नगरपालिकामा सबै भन्दा बढी राजश्व तिर्नेलाई सम्मान गर्नका लागि निम्नानुसार सम्मान तथा पुरस्कार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

निम्न :

संयोजक : वडाध्यक्ष श्री नरेश श्रेष्ठ

सदस्यहरु : वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ, कार्यपालिका सदस्य त्रय श्री गिताराम विश्वकर्मा, श्री सीता रिजाल, श्री इन्दिरा पौडेल क्षेत्री

**निर्णय नं.३**

साविकको इलाम नगरपालिकालाई २०६७।६।१५ देखि प्लास्टिक झोलामुक्त क्षेत्र घोषणा गरिएको र २०६८ मा नेपाल सरकारबाट हरितनगर घोषणा गरिएको साथै वातावरणीय दृष्टिकोणबाट इलाम सफा सहरको रुपमा नेपाल सरकारबाट २ पटक परस्कृत समेत भइसकको सन्दर्भमा इलाम नगरलाई सफा सहर बनाई राख्नका लागि वार्षिक रुपमा रु १ लाखको वातावरण पुरस्कार वितरणका लागि वडाहरु बिचमा निर्धारित सूचकहरुका आधारमा मूल्याङ्कन गरी सिफारिस गर्न निम्नानुसार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

निम्न :

संयोजक श्री सटेन्द्र जबेगु, केन्द्रीय सदस्य नेपाल पत्रकार महासंघ

सदस्य श्री सोम सुसेली, प्रदेश उपाध्यक्ष नेपाल पकार महासंघ १ नं. प्रदेश, श्री कोकिला ढकाल, जिल्ला अध्यक्ष नेपाल पत्रकार महासंघ इलाम, श्री रिना घिमिरे (घले ) हरितनगर महिला समूह इलाम

सदस्य सचिव प्रशासकीय अधिकृत श्री रामकुमार शाह

**निर्णय नं. ४,**

इलाम नगरपालिकाअन्तर्गत चालु वर्ष २०७४।०७५ का लागि वडागत रुपमा पूँजीगत कार्यक्रममा मर्मतसम्भार तर्फ विनियोजित बजेटमध्ये खर्च हुन बाँकी रहेको रकमलाई मर्मतसम्भार कोषमा लगेर मर्मतसम्भारको योजना संचालन गर्ने र यस मर्मतसम्भार कोषबाट वडा भित्रका सानामसिना योजनाहरु वडागत अनुपातमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,**

इलाम नगरपालिका वार्ड नं. ७ चोकबजारमा रहेको पब्लिक पुलिस टावरमा जडान भएको घडीको बेट्री बिग्रिएको कारण घडी नचल्ने भएको हुनाले जिल्ला प्रहरी कार्यालय इलामसँग संझौता गरी सो घडी सञ्चालनका लागि बेट्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

इलाम नगरपालिकाको आगामी नगर सभाका लागि इलाम नगर भित्र रहेका विषयगत कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुको आ.ब. २०७५।०७६ को योजना तथा कार्यक्रम माग गर्न स्थानीय पत्रिकामार्फत सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ अनुसार खानेपानी योजना सञ्चालनका लागि अधिकतम रु २५ करोड र पर्यटकीय फन पार्क निर्माण योजना सञ्चालनका लागि अधिकतम रु ५ करोड रकम नगर विकास कोष लगायत अन्य वित्तीय संस्थाहरुबाट आन्तरिक ऋण लिनका लागि आगामी नगर सभामा प्रस्ताव गर्ने र सो अनुसारको ऋणको जमानतका लागि नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार इलाम नगरपालिकाको आगामी तेस्रो नगर सभा २०७५ असार १० भित्र सम्पन्न गर्नका लागि निम्नानुसारको क्रियाकलापहरु निम्न मिति भित्र सम्पन्न गरि सक्ने निर्णय गरियो ।

निम्न :

(क) वडास्तरीय बजेट सिलिङ्ग निर्धारण – २०७५।१।१७

(ख) वडा भेलाबाट योजना तथा कार्यक्रमहरु नगरपालिकामा पेश गर्ने – २०७५।२।८

(ग) स्थानीय राजश्व परामर्श समितिको बैठक सम्पन्न गरी राजश्वको दर तथा दायराहरुको विवरण पेश गर्ने – २०७५।२।१५

(घ) विषयगत समितिहरुको बैठक – २०७५।२।२०

(ङ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट बजेट सीमा निर्धारण – २०७५।२।२२

(च) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सम्पन्न गरी विवरण पेश गर्ने –२०७५ जेठ मसान्त

(छ) नगर कार्यपालिकाको बैठक – २०७५।३।३

(ज) नगर सभा – २०७५ असार १० भित्र

**निर्णय नं. ९**

इलाम नगरपालिका र अभियान नेपाल/हरितनगर महिला समूह/मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह इलाम बिच मिति २०७३।९।२१ मा इलाम नगरपालिका क्षेत्रबाट निष्कासन हुने सहरी ठोस फोहरको एकीकृत व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारी सम्झौता भएको र मिति २०७३।१२।१४ मा इलाम नगरपालिका र अभियान नेपाल/हरितनगर महिला समूह/मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह इलामबाट प्रवर्द्धित संस्था हरित शान्ति अभियान इलाम बिच फोहरमैला व्यवस्थापन तथा प्राङ्गारिक मल उत्पादनका लागि सम्झौता भएकोमा हरित शान्ति अभियान इलामको च.नं. २६ मिति २०७४।७।१५ र च.न. ७९ मिति २०७५।२।३ र को पत्रबाट नयाँ संरचना अनुसार नगरपालिकाको क्षेत्र विस्तार भएको र परियोजनाको लक्षित आन्तरिक प्रतिफल दर अपेक्षा अनुसार बृद्धि हुन नसकेकोले सञ्चालन/व्यवस्थापन अनुदान थपका लागि अनुरोध भई आएको हुँदा मिति २०७५।२।१ देखि लागू हुने गरी मिति २०७३।९।२१ को संझौताको दफा ६ विविधको (छ) मा उल्लिखित शर्तलाई खारेज गरी साझेदार संस्थालाई न.पा. बाट मासिक रुपमा रु ७० हजार रकम सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउने साथै साझेदार संस्थाका व्यवस्थापन अधिकृतलाई न्यूनतम मासिक पारिश्रमिक रु २५,०००।०० रकम दिने र साविकमा साझेदार संस्थामा कामकाज गरी आएका कर्मचारीहरुलाई परिवर्तन गर्नु परेमा वा नयाँ कर्मचारी राख्नु परेमा नगर कार्यपालिकाको कार्यालयबाट पूर्व स्वीकृति लिने गरी मिति २०७३।९।२१ मा भएको संझौता नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिका वार्ड नं. ७ सूर्योदय टोलमा नगरपालिकाबाट नाली निर्माण हुँदै गरेको क्रममा बिष्णु प्रधानको घर नाली निर्माणको कारण चर्कन गएको हुनाले तत्काल जोखिम न्यूनीकरणका लागि त्रिपाल च्यादर उपलब्ध गराउने र थप निर्माण मर्मतसम्भारको कार्य नगरपालिकाको मर्मतसम्भार कोष वा विपद् व्यवस्थापन कोषबाट निश्चित रकम राहत दिने निर्णय गरियो ।